# गाउँमा गीतहरू गुन्जिँदैनन् कथाको सङ्कथन विश्लेषण

❋दीपक थापा
dipakthapa331983@gmail.com

*अध्ययनसार*

प्रस्तुत लेख महेशविक्रम शाहद्वारा लिखित *गाउँमा गीतहरू गुन्जिँदैनन्* कथामा सङ्कथन विश्लेषणअन्तर्गत सन्दर्भका आधारमा विश्लेषणमा केन्द्रित छ । सङ्कथनको विश्लेषण गर्दा पाठका भित्र र बाहिर दुवै सन्दर्भ अर्थ खोजी गरिन्छ । पाठभित्रको आन्तरिक संरचनागत अर्थमा पाठको आन्तरिक बानोटका बारेमा विश्लेषण गरिन्छ । पाठको बाह्य सन्दर्भगत अर्थअनुसार भौतिक सन्दर्भ र संज्ञानात्मक सन्दर्भहरू हुन् । भौतिक सन्दर्भअन्तर्गतः स्थलगत सन्दर्भ, काल या समयगत सन्दर्भ, सहभागी सन्दर्भ पर्दछन् । संज्ञानात्मक सन्दर्भअन्तर्गतः सामाजिक सन्दर्भ, आर्थिक सन्दर्भ, राजनीतिक सन्दर्भ, धार्मिक र सांस्कृतिक सन्दर्भ, वैचारिक सन्दर्भहरू पर्दछन् । *गाउँमा गीतहरू गुन्जिँदैनन्* कथा वि.सं.२०५२ सालमा सुरुभएको द्वन्द्वकालीन कुनै सुदुरपश्चिम तराईको कुनै एक ग्रामीण भूभागमा घटेको घटनाहरूमा केन्द्रित छ । द्वन्द्व सुरुभएको पाँच छ वर्षपछि लेखक गाउँमा जाँदा युद्धका कारण गाउँ पूरै खण्डहर परेको थियो । उनले पढेका विद्यालयमा अहिले पढाइ नभई भुस्याहा कुकुर सुत्ने ठाउँ बनेको छ । सञ्चारको टावर ध्वस्त भएको छ । गाउँ कोही युवायुवतीहरू छैनन् । केवल केही वृद्ध बुढाबुढी मात्र बस्ने गरेको उजाड गाउँ बनेको छ । आफ्नो परिचित गाउँ पनि लेखक पुग्दा अपरिचित ठाउँ बन्यो । उनले आफ्नो परिचय नै नदिइ एक रात बिताइ विहान सबेरै गाउँबाट उनी पुनः शहर फर्कन बाध्य भए । उनी आफ्नो गाउँमा पुग्दा पनि बन्दुकको आवाज बन्द भएको थिए । यसरी कथाभित्र प्रस्तुत गरिएको गाउँको परिवेश र तत्कालीन गाउँको परिवेशलाई सङ्कथनको विश्लेषणअन्तर्गत भौतिक सन्दर्भ र संज्ञानात्मक सन्दर्भसँग तुलना प्रस्तुत लेखमा गरिएको छ ।

**प्रमुख शब्दावली** : सङ्कथन, संज्ञानात्मक, द्वन्द्वकाल, सांस्कृतिक, संरचना ।

**विषयपरिचय**

महेशविक्रम शाह (वि.सं. २०२१ भदौ १५ गते) समकालीन कथाकार हुन् । उनका *सटाहा* (२०५३), *सिपाहीकी स्वास्नी* (२०५९), *अफ्रिकन अमिगो* (२०६०), *छापामारको छोरो* (२०६४) र *ज्याक्सन हाइट* (२०६९) जस्ता कथा सङ्ग्रहहरू प्रकाशित छन् । कथाकार शाह पेसाले सुरक्षाकर्मी भएकाले युद्धकालीन घटनालाई प्रत्यक्ष देखेका र सुनेका व्यक्ति हुन् । त्यसैले उनका कथामा युद्धको सजीव चित्र भएको हुन्छ । उनको यो कथा पनि युद्धकालीन घटनालाई विषय बनाएर लेखिएको कथा हो । नेपालमा चलेका दशवर्षीय गृहयुद्ध शहरी इलाकामा मात्र नभइ ग्रामीण इलाकाहरूमा पनि यसको प्रभाव ठूलो पऱ्यो । कथा वि.सं. २०५२ सालपछि म पात्र अर्थात लेखक गाउँ जाँदा आफूले भोगेको घटनालाई विषय बनाइ लेखिएको कथा हो । यो कथा युद्धकालीन विषय भएपनि वि.सं. २०६४ सालमा प्रकाशित छापामारको छोरो (२०६२) कथासङ्ग्रहमा सङ्ग्रहित छ । कथामा प्रस्तुत परिवेश सुदुरपश्चिम तराईको कुनै ग्रामीण भेगमा घटेको घटनालाई विषय बनाइएको छ । द्वन्द्वकाल सुरु हुनुभन्दा अगाडिको ग्रामीण परिवेश र द्वन्द्वकालपछिको ग्रामीण परिवेशको तुलना गरिएको छ । द्वन्द्वकालीन समयमा म पात्र गाउँ छोडेर शहरमा बसेका हुन्छन् । गाउँ बस्ने हजुरबा र हजुरआमाको विशेष आग्रहमा उनी द्वन्द्वकाल सुरुभएको पाँच छ वर्षपछि गाउँमा जान्छन् । गाउँमा कुनै युवायुवती नभएको उजाड बनेको थियो । गाउँमा केवल वृद्ध बूढाबूढी मात्र बस्ने गरेका स्कुल, सरकारी भवन, टेलिफोन टावर जस्ता कुराहरू खण्डहर बनेको अवस्था थियो । गाउँमा युद्ध रोकिसकेको थिए । बन्दुक र बारुद पड्केका आवजहरू सुनिन्थ्यो । त्यसैले म पात्र एक रातमा बसेर बिहान सबेरै गाउँ छोडेर सहरमै फर्केको घटना उल्लेख छ । कथामा प्रस्तुत कथाको सन्दर्भलाई सङ्कथनको विश्लेषणअन्तर्गत भौतिक सन्दर्भ र संज्ञानात्मक सन्दर्भ आधारमा विश्लेषण गरिएको छ ।

**सैद्धान्तिक आधार तथा विश्लेषणको ढाँचा**

प्रस्तुत लेखमा प्राथमिक सामग्रीका रूपमा महेशविक्रम शाहको *गाउँमा गीतहरू गुन्जिँदैनन्* कथा रहेको छ । अन्य सामग्री सङ्कलनार्थ पुस्तकालीय स्रोतलाई प्रमुख आधार बनाउँदै द्वितीय सामग्रीका रूपमा प्रयोग गरिएको छ । सङ्कलित सबै सामग्रीहरूलाई सङ्कथन विश्लेषणअन्तर्गत सन्दर्भ विश्लेषणका सैद्धान्तिक पर्याधारका आधारमा *गाउँमा गीतहरू गुन्जिँदैनन्* कथाको विश्लेषण गरिएको छ । विश्लेषणका निम्ति वर्णनात्मक तथा विश्लेषणात्मक पद्धतिको अवलम्बन गरिएको छ ।

सङ्कथन पूर्ण भाषिक अभिव्यक्ति हो । सङ्कथन विश्लेषण सन् १९६० को दशकपछि प्रायोगिक भाषा

**❋ लेखक अनुसन्धानको क्षेत्रमा सक्रिय व्यक्तित्व हुन् ।**

विज्ञानको एक नवीनतम शाखाका रूपमा विकसित भएको सिद्धान्त हो । सङ्कथन विश्लेषण अङ्ग्रेजी 'डिस्कोर्स एनालाइसिस' (Discourse Analysis) पदावलीको नेपाली रूपान्तरण हो । सङ्कथन विश्लेषणमा सन्दर्भमा भाषाको अध्ययन हुन्छ । सन्दर्भगत अर्थ भाषिक संरचनाबाट सुसूचित हुन्छ । सङ्कथनमा वक्ता, श्रोता र विषय अपेक्षित हुन्छ । सङ्कथनअन्तर्गत व्याख्यान, भाषण वा सम्भाषण, घोषणा, धार्मिक प्रवचन, कुनै विशिष्ट कथन, बैठक, अन्तर्वार्ता, विषय विमर्श, संवाद वा परिसंवाद, विषयनिष्ठ बातचित, भलाकुसारी, ठट्यौली, चिठीपत्र, स्मारिका वा प्रतिवेदन, समाचारपत्रका लेख, विज्ञापन, गीति सङ्कथन, साना कथा आदिका साथै आख्यानात्मक सङ्कथन र महाकाव्यीय सङ्कथन जस्ता उच्च तहका कथन संरचना वा विधानिर्धारित संरचना लगायत जुनसुकै पाठहरू पर्दछन् (गौतम, २०६८, पृ. ५७१) । सङ्कथन सानो दुई व्यक्तिबीच संवाददेखि विस्तृतमा फैलिएको महाकाव्यसम्मका भाषिक संरचना फैलिएको भाषिक अभिव्यक्ति हो ।

सङ्कथन विश्लेषणको प्रारम्भ पश्चिमी जगत्को भाषा चिन्तनको उपजका रूपमा भएको देखिन्छ । संरचनावादी भाषा विज्ञानको उत्कर्षका रूपमा ब्लुमफिल्ड कार्ललाई लिइन्छ वा अमेरिकाको संरचनावादलाई लिइन्छ । सन् १९३३ मा ब्लुमफिल्डको भाषा भन्ने पुस्तक प्रकाशित भएपछि संरचनावादले उत्कर्ष प्राप्त गऱ्यो । त्यसपछि संरचनावादी मान्यताका कमी कमजोरीमा टेकेर नवीन भाषिक सम्प्रदायहरूको विकास हुन गयो । यसै सिलसिलामा रूपार्थपरक व्याकरण देखापऱ्यो, जसले भाषाको रूप र अर्थ वा संरचना र अर्थ दुबैको खोजी गर्ने प्रयास गऱ्यो । त्यसपछि व्यवस्थापरक व्याकरणको जन्म भयो । यसले पनि भाषिक व्यवस्थाका आधारमा भाषिक संरचना र अर्थ दुबैको खोजी गर्ने प्रयास गऱ्यो । त्यसपछि कारक व्याकरणको जन्म भयो, जसले भाषाको अर्थपक्षको खोजी गऱ्यो । जेलिङ ह्यारिसले संरचना र सन्दर्भका माध्यमबाट विश्लेषण गर्ने प्रयास गरेको पाइन्छ । उनीले भाषाको व्याकरण वाक्यमा मात्र सीमित नभएर वाक्यभन्दा माथि पनि रहन सक्छ भन्ने बारेमा अध्ययन गरे । उनको उक्त अध्ययनलाई सङ्कथनको प्रारम्भीक विन्दुका रूपमा लिनसकिन्छ (पौडेल र पोखेल, २०७१ पृ. ४-५) । ब्लुमफिल्ड कार्लले भाषाको अध्ययनलाई विस्तृत गर्दै वाक्यभन्दा मुनि रूप र अर्थसम्म गरे । रूपसँगै अर्थसम्मको अध्ययन गरिन थलियो । भाषिक एकाइको आन्तरिक संयन्त्रबाट सङ्कथन निर्माण हुन्छ । निश्चित सन्दर्भमा समग्र अर्थमा प्रयुक्त कथ्य वा लेख्य अभिव्यक्ति वा अनुच्छेदलाई ह्यालिडे र हसनले पाठ भनेका छन् । त्यसैले सङ्कथनलाई पाठगत अर्थका रूपमा बुझ्न सकिन्छ । यो निश्चित सन्दर्भमा पाठबाट साङकेतित पाठ बाहिरको अर्थ हो । यस अर्थमा पाठभित्र केन्द्रित रहेर पाठबाट साङ्केतित अर्थ कसरी बाह्य सन्दर्भसँग जोडिएको छ भन्ने कुराको विश्लेषण सङ्कथन विश्लेषणमा हुन्छ ।

सङ्कथन मौखिक, लिखित र सङ्केत रूपमा अभिव्यक्त हुन्छ । बोलेर, लेखेर वा सङ्केत गरेर वाक्यभन्दा माथिल्ला एकाइमा भाषिक अभिव्यक्तिको विस्तार गरिन्छ र त्यसलाई अर्थपूर्ण र अन्वितिपूर्ण रूपमा पूर्ण पाठमा परिणत गरिन्छ भने त्यो सङ्कथन बन्दछ । सङ्कथन मौखिक (कथ्य) र लिखित (लेख्य) भएझैँ साहित्यिक र साहित्येतर (गैरसाहित्यक) दुवै हुन्छ । सङ्कथन भौतिक, सामाजिक, सांस्कृतिक आदि सन्दर्भहरूलाई अन्तःसम्बन्धमा गाँस्दै अभिव्यक्त गरिएको भाषिक उच्चार हो । यो वाक्यभन्दा माथिका सारा अन्तर्क्रियात्मक मौखिक, लिखित र साङ्केतिक भाषाको प्रयोगबाट निर्मित सन्दर्भ र अर्थहरूका संसारहरूलाई बुझाउने लघु वा बृहत् संरचना हो (भट्टराई, २०७१ पृ. ४७) लिखित या मौखिक रूपमा पनि सङ्कथन अभिव्यक्त हुन्छ । यो सानोमा दुई बीच अर्थपूर्ण संवाददेखि ठूलोमा महाकाव्यसम्मका संरचना हुन्छन् ।

सङ्कथन भाषाको आन्तरिक र बाह्य पक्षको अध्ययन गरिन्छ । वर्ण, रूप, पद, पदावली, वाक्य आदि यसको आन्तरिक पक्ष हो भने विभिन्न सन्दर्भ आदि बाह्य पक्ष हो । भाषाका यिनै बाह्यान्तरिक पक्षहरूको सहसम्बन्ध र त्यसबाट निसृत अर्थको अध्ययन यसमा गरिन्छ । लियो स्पिटजरको स्टाइल स्टडिल स्टडिज (सन् १९२८) लाई सङ्कथन विश्लेषणको पहिलो नमुना मानिन्छ भने सङ्कथन विश्लेष्ण पदावलीको प्रयोग र विस्तार भने भाषाविद् जेलिङ ह्यारिसले सन् १९५२ पछि गरेका हुन् । सङ्कथनमा भाषिक एकाइ अर्थात् ध्वनिव्यवस्था, शब्दव्यवस्था, पदावली व्यवस्था, उपवाक्य व्यवस्था, वाक्य व्यवस्था र यसभन्दा माथिका एकाइहरू जस्तै अनुच्छेद संरचना, संवादात्मक तथा मनोवादात्मक संरचनाका साथै यिनीहरूका बिचको अन्तःसम्बन्धमा कारणबाट समग्र कृतिको अध्ययन गरिन्छ (गौतम, २०७६, पृ. ५७२) । यसरी सङ्कथनमा वर्ण, रूप, पद, पदावली, वाक्य आदि यसको आन्तरिक पक्ष मात्र अध्ययन नगरेर बाह्य विभिन्न सन्दर्भहरूको पनि अध्ययन गरिन्छ ।

सङ्कथन भाषाको शब्द र अर्थ दुई वटा पक्षसँग सम्बन्धित हुन्छ । शब्द संरचनापरक कोणसित सम्बन्धित हुन्छ भने अर्थ चाहिँ सन्दर्भपरकसँग सम्बन्धित हुन्छ । संरचना भाषाको बाह्य स्वरूपसँग सम्बन्धित हुन्छ । सङ्कथन विश्लेषण गर्दा पाठलाई बाह्य अर्थका सन्दर्भसँग पनि हेरिन्छ । पाठमा अन्तरनिहित भाषिक संरचनाका तहमा रहेका तर पाठगत भाषिक संरचनामा नरहेका संरचनाहरूको अर्थगत सम्बन्ध पाठभित्र पद, पदावली वाक्यांश, वाक्य तथा

अनुच्छेद जस्ता भाषिक एकाइहरूको पारस्परिक भाषिक अन्तरसम्बन्धमा निहित हुन्छ । पाठगत भाषिक संरचनामा लुप्त रहेका शब्दहरू अन्तरनिहित भाषिक संरचनामा रहेका हुन्छन्, जसलाई व्याकरणिक अर्थबाट पुरा गरी सङ्कथन विश्लेषणमा अर्थ खोजिन्छ । संसक्ति व्याकरणिक र कोशीय हुन्छ । संसक्तिगत शृङ्खलामा कोशीय चिन्हक र व्याकरणात्मक चिन्हकहरू एक आपसमा अन्तः सम्बन्धित भएर आउँछन् । यिनीहरू कुनै पनि पाठका संरचक तत्त्व हुन् । कुनै पाठमा सहनिदर्शन सहवर्गीयता र सहविस्तारकले संसक्तिगत शृङ्खला बनाउँछन् अनि यस शृङ्खलाले पाठलाई पूर्ण रूपमा ढाकेर सुसम्बद्धता प्रदान गरेको हुन्छ (शर्मा, २०६३ पृ.३०३) निदर्शन, प्रतिस्थापन, विलोप, संयोजन र निकटस्थ युग्मले पाठमा प्रयुक्त वाक्यीय घटकलाई औपचारिक रूपमा बाँध्ने गर्दछन् । कोशीय संसक्तिअन्तर्गत पर्ने पुनरावृत्ति, पर्यायिता, अधिकार्थकता जस्ता एकाइले पाठको सम्बन्ध व्यवस्थालाई प्रष्ट पार्दछन् । सन्दर्भहरू भौतिक र संज्ञानात्मक गरी दुई प्रकारका हुन्छन् । पाठमा अन्तर्निहित भौतिक सन्दर्भहरू अर्थ सम्प्रेषणमा सूचना सम्प्रेषणको काम गर्छन् । भौतिक सन्दर्भअन्तर्गत स्थानगत सन्दर्भ, कालगत सन्दर्भ र सहभागी सन्दर्भहरू रहेका हुन्छन् । संज्ञानात्मक सन्दर्भअन्तर्गत सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक, सांस्कृतिक एवं दार्शनिक सन्दर्भहरू पर्दछन् (शर्मा, २०६३ पृ.३०३) । शब्दले प्रदान गर्ने अर्थको ज्ञान हुने अवधारणात्मक परिस्थितिजन्य पाठमा सहभागीहरूको सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक, सांस्कृतिक पृष्ठभूमि नै वास्तवमा सन्दर्भ हो । सङ्कथन विश्लेषणका सन्दर्भहरू निम्न छन् -

**अ. भौतिक सन्दर्भ**

भौतिक सन्दर्भ मूर्त किसिमको हुन्छ । यो सन्दर्भ अन्तर्गत स्थानगत सन्दर्भ, कालगत/समयगत सन्दर्भ र सहभागीगत सन्दर्भहरू पर्दछन् ।

**स्थानगत सन्दर्भ**

पाठमा घटना घटेको या प्रसंगमा आएको ठाउँ स्थानगत सन्दर्भ हो । पाठमा विभिन्न स्थानसँग सम्बन्धित सन्दर्भहरू आएका हुन्छन् । भौगोलिक स्थान महत्त्वपूण भूमिका हुन्छ । पाठमा कहाँको प्रश्नको उत्तरका रूपमा आएको हुन्छ । भौगोलिक बाहेक सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिकजस्ता विभिन्न सङ्केतकहरूले स्थान बुझाउन महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ ।

**कालगत या समयगत सन्दर्भ**

सन्दर्भ विश्लेषणअन्तर्गत कालगत या समयगत सन्दर्भ महत्त्वपूर्ण स्थान रहेको हुन्छ । पाठ कुन समयमा घटित घटना या विषयका बारेमा बुझ्न सकिन्छ । पाठमा उल्लेखीत विषय या घटनाका बारेमा बुझ्न समयगत सन्दर्भको भूमिका ठूलो हुन्छ ।

**सहभागीगत सन्दर्भ**

पाठभित्र पात्रका माध्यमबाट विषयवस्तु या घटना अगाडि बढेको हुन्छ । तिनै पात्रगत सहभागीहरूका आधारमा पनि प्रयोगक्ताको आश्यकताको खोजी गर्न सकिन्छ । पाठमा सहभागीहरू कुन भूमिका आएको छ । सम्बोधकले समाख्याताको भूमिका रहेको हुन्छ । पाठभित्र समाख्याताले म या हामीका रूपमा सम्बोधन गर्छ । पाठबाहिर तृतीय पुरुषको भूमिकामा रहेको हुन्छ । पाठमा सम्बोधकले जसलाई सम्बोधन गर्छ त्यो सम्बोधित हो । श्रोता वा पाठ सुन्ने व्यक्ति नै सम्बोधित हो । सम्बोधक र सम्बोधितको क्रियाप्रतिक्रियाबाट संवाद, वादविवाद, छलफल, कुराकानी, प्रत्यक्ष फोनवार्ता अगाडि बढ्छ र सङ्कथान अगाडि बढछ ।

**आ. संज्ञानात्मक सन्दर्भ**

संज्ञानात्मक सन्दर्भ विभिन्न समष्टिगत अमूर्त सन्दर्भ हो । यो ज्ञानात्मक सन्दर्भ रूपमा रहेको हुन्छ । यो पाठमा सहभागी तथा लेखकका सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक र वैचारिक सन्दर्भ पाठमा प्रस्तुत भएका हुन्छन् ।

**सामाजिक सन्दर्भ**

सामूहिक विचार मिल्ने घर परिवार मिलेर समाज बनेको हुन्छ । समाज विभिन्न जातजाति, धर्मसंस्कृति, रहनसहन, वेशभूषा, रीतिरिवाज, वर्ग समुदायहरू मिलेर बनेको हुन्छ । आफ्नो जातपरम्परा, धर्मसंस्कृति अनुसारका विभिन्न क्रियाकलापहरू गर्दछन् । समाजका मानिसले गर्ने यस्ता क्रियाकलाप सामाजिक सन्दर्भ अर्थमा सङ्कथन विश्लेषणका क्रममा गरिन्छ । समय र स्थानले पनि सामाजिक सन्दर्भलाई सङ्केत गरेको हुन्छ ।

**आर्थिक सन्दर्भ**

आर्थिक क्रियाकलापबाट मानवको जीवनमा ठूलो प्रभाव परेको हुन्छ । शिक्षा, स्वास्थ्य, सभ्यतासगँ आर्थिक क्रियाकलापको सम्बन्ध हुन्छ । जीवनधानकै लागि नपुग्ने आर्थिक अवश्था भएको समाजमा कलासंस्कृतिको उन्नति

हुँदैन । आर्थिक उन्नति भएका प्राय समाजमा शिक्षा र कलासंस्कृति राम्रो भएको पाइन्छ । आर्थिक सन्दर्भ पनि समाजिक सन्दर्भका बुझ्न सकिन्छ ।

**राजनीतिक सन्दर्भ**

संज्ञानात्मक पक्षको सन्दर्भमा राजनीतिक सन्दर्भ महत्त्वपूर्ण हुन्छ । पाठमा आएको राजनीतिक सन्दर्भले निरंकुश, प्रजातान्त्रिक कस्तो शासन व्यवस्था थियो भन्ने जानकारी हुन्छ ।

**धार्मिक र सांस्कृतिक सन्दर्भ**

मानिसका जीवन पद्धति, चालचलन, सोचाइ, आचरण, व्यवहार, खानपान, लुगा, कपडालगायतका विभिन्न संस्कारहरू सांस्कृतिक सन्दर्भअन्तर्गत पर्दछ । समाजका मान्छेले कस्ताकस्ता धर्महरू मान्छन् । त्यसबाट पनि धार्मिक स्वतन्त्रता बारेमा जानकारी हुन्छ । धर्म र संस्कृतिका उन्नति र विकासले समाजको अवश्थाको बारेमा जानकारी हुन्छ ।

**वैचारिक सन्दर्भता**

पाठ प्रयोग भएका सहभागी पत्रहरूका माध्यमबाट कुनै धारण प्रस्तुत भएको हुन्छ । पाठमा वक्ताले कुनै विषयमा आफ्नो विचार प्रस्तुत गर्दछ । त्यस्ता विचारहरू सामाजिक, आर्थिक, राजनीतिक, धार्मिक, सांस्कृतिकजस्ता सन्दर्भसँग जोडिएको हुन्छ । पाठमा व्यक्त विचारले पनि त्यस समाजका बारेमा जान्न सकिन्छ ।

पाठ भित्र अर्थको पाठमा प्रस्तुत सन्दर्भहरूबाट मात्र सही नहुन पनि सक्छ । पाठको सही अर्थ बुझ्नलाई आन्तरिक संरचना र बाह्य अर्थ सन्दर्भ बुझेर अध्ययन गर्न सार्न्दभिक हुन्छ । सङ्कथनभित्र विभिन्न पक्षहरूबाट अध्ययन गर्ने सकिने भएपनि प्रस्तुत लेखमा सङ्कथनको भौतिक सन्दर्भ र संज्ञानात्मक सन्दर्भका दृष्टिकोणबाट पाठको सन्दर्भपरक विश्लेषण गरिएको छ ।

***गाउँमा गीतहरू गुन्जिँदैनन्* कथाको सन्दर्भपरक विश्लेषण**

नेपालमा वि.सं. २०४६ सालपछि प्रजातन्त्र पुनः स्थापना भएपछि नेपाली समाज विभिन्न वर्ग र समुदायमा विभाजित भयो । सबैले आ-आफ्नो हक र अधिकारका लागि सङ्घर्षहरू भई नै रह्यो । ती वर्ग या समुदायका माग राज्यले समयमै सम्बोधन गर्न सकेनन् । मानिसहरूमा चरम निराशा र आक्रोश व्यक्त भयो । वि.सं. २०५२ सालपछि औपचारिक रूपमा नै द्वन्द्व सुरु भयो । नेपालमा द्वन्द्वले ठूलो रूप लिँदै करिव दश वर्ष वि.सं. २०६२ सालसम्म द्वन्द्व भयो । नेपालीहरूको जनजीवनमा प्रत्यक्ष या अप्रत्यक्ष रूपमा द्वन्द्व सबैलाई प्रभाव पाऱ्यो । व्यक्ति अपहरण, हत्यादेखि सार्वनिक सम्पत्ति लुटपाट, आगजानी, तोडफोड जस्ता कार्य भयो । लेखक अर्थात् म पात्र पाँच-छ वर्षपछि गाउँमा गएको प्रसङ्ग कथामा उल्लेख गरिएका छन् । लेखकले कथामा तत्कालीन समयको विविध सन्दर्भहरू उल्लेख गरेका छन् । जुन सङ्कथन विश्लेषणको सन्दर्भअन्तर्गत तुलना गरी कथाको विश्लेषण गरिएको छ । पाठको बाह्य सन्दर्भगत अर्थ अनुसार भौतिक सन्दर्भ र संज्ञानात्मक सन्दर्भहरू हुन्छन् । संज्ञानात्मक सन्दर्भ अन्तर्गतः सामाजिक सन्दर्भ, आर्थिक सन्दर्भ, राजनीतिक सन्दर्भ, धार्मिक सन्दर्भ, सांस्कृतिक एवं वैचारिक सन्दर्भहरू पर्दछन् ।

**अ. भौतिक सन्दर्भ**

भौतिक सन्दर्भ मूर्त किसिमको हुन्छ । भौतिक सन्दर्भअन्तर्गतः स्थलगत सन्दर्भ, काल या समयगत सन्दर्भ, सहभागी सन्दर्भ पर्दछन् तिनको विश्लेषण यसप्रकार गरिएको छ -

**स्थलगत सन्दर्भ**

प्रस्तुत कथामा उल्लेख स्थल पश्चिम तराईको कुनै एउटा गामीण भेग रहेको छ । गाउँका घर खरले छाएका साना भुइँतले छन् । गाउँलेहरूका काम गाईवस्तु पाल्ने खेती किसानी गर्ने रहेको छ । सुदुरपश्चिम तराईका मानिसहरूले मनाउने माघी पर्वलाई विशेष पर्वका रूपमा मन्ने गर्दछन् । तलको सन्दर्भले अझ स्थानगत सन्दर्भ प्रष्ट हुन्छ ।

> *मैले आफ्नो गाउँमा प्रवेश गरेको थिएँ । खरले छाएका भुइँतले घरहरूको कुरुप्प बस्ती थियो मेरो गाउँ । मेरो नाकमा हरर्र गाउँको चिरपरिचित महक ठोकिएको थियो । प्राणायाम गरेझैँ एकैचाटि लामो श्वास तानेर फोक्सोभरि गाउँको स्वच्छ र स्वस्थ हावा भरेको थिएँ मैले । मेरो गाउँको शान्त र सुन्दर देखिन्थ्यो । गोधूलिको रङ्गीबिरङ्गी छटाले गाउँलाई चुमिरहेको थियो । पश्चिम दिशाबाट धूलो उडाउँदै गाउँतिर आइरहेका गाईगोरुको बथानको दृश्यले साँझलाई झन् मोहक बनाएको थियो । मैले मनमनै कामना गरेँ-मैले पहिले छोडेर गएको झैँ होस् मेरो गाउँ अहिले पनि । तर मैले कामना गरेको झैं थिएन मेरो गाउँको मुखमा नै मैले बालककालमा बाह्रखरी सिकेको स्कुल थियो । मैले आफ्नो नाम लेख्न सिक्न सिकेको स्कुल एउटा भत्केको खण्डहरमा परिणत भएको थियो । त्यहाँ बालबालिकाहरू बाह्रखरी रटिरहेका थिएनन् । धुरी भाँचिएको छतमाथि बसेर केही कागहरू काँकाँ गरिरहेका थिए भने कक्षाकोठाहरूभित्र भुस्याहा कुकुरहरू लम्पसार परेर उँघिरहेका देखिन्थे । स्कुलको दुरवस्थाले मनमनै पिरोलिएँ म* (शाह, २०७४, पृ.९) ।

कथाका प्रमुख पात्र सानोबाबु द्वन्द्वकालीन समयको पाँच-छ वर्षपछि आफ्नो गाउँ गएका थिए। गाउँ खरले छाएको साना घरहरू कुरुप्प देखिन्थे । घरलाई लितपोत गर्ने मानिस थिएनन् । गाउँमा केही वृद्ध उमेरका मानिस बाहेक अरू मानिसहरू थिएनन् । गाउँको हावा पानी स्वच्छ थियो । गाउँलेहरू खेतीपाती गर्ने गाईवस्तु चराउने प्राकृतिक वातावरण पहिले उनी गाउँ छोडनु अगाडि थियो । अहिले मपात्र गाउँ पुग्दा उनले बाह्रखरी सिकेको स्कुलको धुरी भाँचिएको काग बसिरहेका र कक्षा कोठा भित्र भुस्याहा कुकुर सुतेको खण्डहर दृश्य थियो । गाउँ सुनसान थियो । तरपनि बन्दुक बारुदका आवाज भने सुन्थ्यो । गाउँमा युद्धको प्रभाव परिरहेको वातावरण उल्लेख गरिएको छ ।

**काल या समयगत सन्दर्भ**

गाउँमा गीतहरू गुन्जिँदैनन् वि.सं. २०४६ सालपछिको प्रजातान्त्रिक शासनकालीन सन्दर्भ प्रस्तुत भएको छ । वर्गीय विभिजन पाठमा आएका प्रतिज्ञाप्तिसूचक र अप्रतिज्ञाप्तिसूचक भाषिक रूप, सहभागी पात्रहरूका क्रियाकलाप एवम् संसक्तिगत बन्धनको अध्ययनबाट यस कथाको कालगत तथा स्थानगत सन्दर्भता प्रस्ट हुन्छ ।

> *धेरै वर्षपछि करिब पाँच-छ वर्षपछि होला, अचानक म आफ्नो गाउँ पर्सें । पहिले म गाउँ जाँदा राजमार्गसम्म गारुले तान्ने लहणु आइपुग्थ्यो । लहणुमाथि बसेर म गोरुको पुच्छर निमोठ्थेँ । म हाँस्तै चिच्च्याउँथे । मेरो चिच्च्याहटमा गाउँको खोलाको कलकल गुन्जन्थ्यो । मलाई देखेर गाउँलेका अनुहार उज्यालिन्थे । गाउँ फर्केछ सानो बाबू । तिनका ओठहरूमा वात्सल्यपूर्ण शब्दहरू फुर्थे ।'* (शाह, २०७४ पृ.७) ।

म पात्र सानो बाबु वि.सं. २०५२ सालपछि सुरुभएको द्वन्द्वकालीन अवश्थाको पाँच-छ वर्षपछि गाउँमा भएका हजुरबा र हजुरआमाको विशेष आग्रहमा गाउँ गएको सन्र्दभ उल्लेख छ । उनी गाउँ जाँदा पहिले सानोबाबू आयो भनेर गाउँका मानिसहरू लिनआउने आदरसत्कार गर्ने परिपाटी थियो । उनी वयलगाडा चड्दै गाउँ आउँदा सबैमा हाँसो खुशी भएकामा त्यो परिस्थिति परिवर्तन भएर छ । उनी आफ्नै गाउँमा जाँदा पनि लुकेर जानुपर्ने अवस्था सिर्जना भएको थियो । उनी गाउँमा भएका हजुरबा र हजुरआमाको विशेष आग्रहमा गाउँ गएका थियो । गाउँमा बन्दुक र गोलाबारुदका आवाज सुनिन्थे । गाउँ अशान्तमय थियो । एक रात आफ्नो कोठामा सुते पनि आमाको सल्लाहअनुसार भोलिपल्ट बिहानै अरूले थाहा नपाउने गरी म पात्रले गाउँ छोड्नु जानुपर्ने अवस्था थियो । द्वन्द्वकालीन अवस्था मुख्यतः वि.सं. २०५२ सालमा सुरु भएर वि.सं. २०६२ सालमा भएको विस्तृत शान्ति सम्झौतापछि रूपमा रहेको थियो ।

**सहभागी सन्दर्भ**

यो बहुलपात्र प्रयोग भएको कथा हो । कथामा प्रमुख पात्र म अर्थात् सानोबाबू रहेका छन् । म पात्रका अतिरिक्ति उनकी आमा, उनका हजुरबा, हजुरआमा, बाल्यकालका साथीहरू हरेराम, रेसम, चुन्नु, फुलवा, साधुराम, लछुमन, चमेली, फेरुवा र हरेरामका काका आदि रहेका छन् । आमा, हजुरबा तथा हजुरआमा जस्ता पात्रहरू द्वन्द्वकालमा सन्तानको विछोडको तनावमा जीवन बिताउन बाध्य वृद्धवृद्धाहरूका प्रतीक हुन् । म पात्रका बालसखाहरू आफ्नो पढाइ छाडेर काँधमा बन्दुक बोक्न विद्रोहीका रूपमा जङ्गल जान बाध्य थिए । कोही जीवन धान विदेशमा गई श्रम गर्न बाध्य थिए । यसरी सबै चरित्रहरू प्रतिनिधिमूलक रहेका छन् । यसमा म पात्र नै मुख्य रूपमा आएका छन् । तलको सन्दर्भले पनि गाउँलेका अवस्था यसरी चित्रण भएको छ -*गरिबीले बीचमै पढाइ छाडेर आफ्ना बाबुबाजेले आर्जेको खेतमा हलोफाली चलाएर अजीवनयापन गरिरहेका मेरा बालसखाहरू बुधराम, रेसम र चुन्नु पनि आफ्नो हातको हलो र कुटो-कोदालो जहाँ मिल्काएर मुगलान भासिएछन्* (शाह, २०७४ पृ.१०) ।

प्रस्तुत कथाको घटना म पात्र अर्थात् सानोबाबु पाँच-छ वर्षपछि अचानक गाउँमा पुग्दा त्यहाँ बेग्लै किसिमको वातावरण हुन्छ । अरू बेला उनी गाउँ फर्कदा बाटमा लिनका लागि आफन्त गाउँलेहरू आइपुग्दथे । तर अहिले उनी गाउँ जाँदा बाटामा कोही पनि भेटदैनन् । म पात्र आफ्नो हजुरबा, हजुरआमाको आग्रह टार्न नसकेर लुक्दै छिप्दै गाउँ पुगेका हुन्छ । गाउँ पुग्न दुई गाउँ छिचोलेर पुग्नुपर्ने भएकाले लामो बाटो पार गर्ने क्रममा परिचित बाटो र मानिसहरू भेट भएपनि उनी सशङ्कित हुदैँ गाउँ पुग्छन् । गाउँका मानिस भय र त्रासका कारण कोही पनि बोल्न चाहँदैनन् । उनका बालसखाहरू हरेराम, बुधराम, चुन्नु, सुरजराममध्ये कोही काला पहाड (विदेश), कोही सशस्त्र युद्ध त कोही ज्यान जोगाउन शहरतिर पसेका हुन्छन् । गाउँ पस्नेबित्तिकै म पात्र आफूले बाह्रखरी पढेको स्कुलको हालत र कक्षाकोठामा कुकुरहरू लम्पसार परेको देख्छन् । यस्तै टेलिफोन टावरको कार्यालय क्षतविक्षत भएको देख्छन् । प्रायः घरमा ढोका लगाइका र भेटीएका मानिसहरू पनि बोल्ने इच्छा नगर्ने देखेर म पात्र आफ्नै गाउँ पनि विरानो लाग्दछ । उनी घरमा पुग्दा आमाले भित्र बस्न लगाएको भोलिपल्ट बिहान नभैकन म पात्र अँध्यारैमा गाउँ छोडि शहर फर्केका छन् । म पत्रको केन्द्रियतामा कथा अगाडि बढेको छ ।

**आ. संज्ञानात्मक सन्दर्भ**

संज्ञानात्मक सन्दर्भ अमूर्त हुन्छ । सङ्कथानको भौतिक सन्दर्भका आधारमा कालगत तथा स्थान सन्दर्भता, सहभागी पात्रहरूको परिस्थितिगत सन्दर्भता आदिका माध्यमबाट तत्कालीन सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक सन्दर्भमा सम्बन्ध भएको हुन्छ ।

**सामाजिक सन्दर्भ**

नेपाल देश गाउँ नै गाउँले भरिएको देश हो । गाउँका मानिसहरू अधिकांश खेतीपाती गर्ने गर्दछन् । आपसमा मिलेर विभिन्न किसिमका चाडपर्व, उत्सवहरू मनाउने गर्दछन् । कथामा वर्णन गरिएको ठाउँ सुदुरपश्चिमको कुनै तराईको एउटा गाउँ हो । जहाँका मान्छे सामान्य खेतीपाती गरेर जीवन चलाउन सामान्य ग्रामीण जीवनको चित्रण गरिएको छ । वि.सं. २०५२ सालदेखि सुरु भएका द्वन्द्वका कारण गाउँका गाउँलेहरू असुरक्षाका कारण गाउँ छोडेर कोही विदेश पसेका, कोही शहरीया इलाकामा आइ बसेका, कोही विद्रोही पक्षका समर्थनमा हिँडेकाले गाउँ नै सुनसान थियो । गाउँमा केवल बूढाबूढीमात्र बासेका सामाजिक सन्दर्भ कथामा यसरी आएको छ -

> *घर वरिपरिको सामान्य थिएन । फुसलाई झरपातले छपक्कै ढाकेको थियो । घरका भित्ताको लिउन उप्केको थियो । घरअगाडिको आँगन जहाँ हामीहरूले धेरै पटक उछलकुद गरेका थियौँ र माघीमा मादल ठटाउँदै नाचेका थियौँ, खाडलैखाडलहरू थिए । घरको दक्षिण दिशामा करेसाबारी थियो । त्यहाँ हुर्कन नपाई सुकेका बोटहरूले हरेरामको वास्तविक गाथा बताइरहेका थिए । घरमा हरेराम थिएन* (शाह, २०७४ पृ.९–१०) ।

नेपालीहरू जहाँ बसेपनि आफ्नो रीतिथिति, परम्परालाई छोडदैनन् । यो कथाको परिवेश सुदुरपश्चिमको तराईको ठाउँको हो । जहाँ कच्ची घर भएपनि घरमा लितपोत गरे सफा र आकर्षक बनाउने कार्य गाउँलेहरूले गर्दै थिए । परम्परागत रूपमा मनाउदै आएका चाडपर्वहरू मनाउथे । खासगरी उक्त क्षेत्रमा माघी पर्वलाई ठूलो रूपमा धुमधाम तरिकाले मनाउने गर्दथे । मादल बजाइ नाचगान गरी रमाइलो गर्ने चलन थियो । बाह्रै महिना नाचगान गरेर रमाइलो गर्ने चलन गाउँमा थियो । द्वन्द्वका कारण गाउँ युवायुवती गाउँमा बस्न नसक्ने अवस्थाले उननीहरू गाउँ छोडेर कोही शहर पसेका, कोही विदेश गएका, कोही विद्रोहीसँग मिलेर जङ्गल गएकाले गाउँ सुनसान थियो । गाउँ मनाउने चाडपर्व, रीति परम्परा बिस्तारै हराउँदै गएको थियो । गाउँको म पात्रका साथी हरेराम, रेसम, चुन्नु, फुलवा, साधुराम, लछुमन, चमेली, फेरुवा, हरेरामलाई गाउँमा उनले भेटदैनन् । गाउँमा केवल केही वृद्ध–वृद्धा मानिसमात्र थिए । त्यसैले गाउँमा सामाजिक, सांस्कृतिक कार्यक्रम मनाउन अवस्था कथामा प्रस्तुत भएको छ ।

**राजनीतिक सन्दर्भ**

नेपालमा २०४७ सालमा नै प्रजातन्त्र आएपनि शासकवर्ग सत्तामोह चरम भ्रष्टचार गरिबी, बेरोजगारी समस्या थियो । प्रजातान्त्रिक सरकार भएपनि जवाफदेही थिएन । मानिसमा चरम निराशा थियो । त्यसमाथि स्वतन्त्रका नाममा समाज विभिन्न वर्ग र समुदायमा विभाजित थियो । जसको कारण वि.सं. २०५२ सालपछि सशक्त द्वन्द्व सुरु भयो । द्वन्द्वले नेपालभरि नै प्रभाव पाऱ्यो । यो कथामा घटना घटेको स्थान सुदुर पश्चिमको एउटा गाउँ भएपनि द्वन्द्वको प्रभाव व्यापक रूपमा परेको थियो । लेखक द्वन्द्वकाल समय सुरु भएको पाँच–छ वर्षपछि गाउँ जाँदा पनि युद्धको प्राभाव परिरहेको थियो । उनी गाउँमा जाँदापनि बम र बन्दुकको रोकिएको थिएन । त्यसैले गाउँका युवायुवती गाउँमा बस्न नसकेर कोही सहर पस्ने, कोही विदेश पस्ने र कोही जङ्गल पसेर विद्रोही पक्षमा लागेर युद्ध गर्ने लागेका थिए । उनका बालसखाहरू हरेराम, बुधराम, चुन्नु, सुरजराममध्ये कोही काला पहाड (विदेश), कोही सशस्त्र युद्ध त कोही ज्यान जोगाउन सहरतिर पसेका हुन्छन् । राजनीतिक द्वन्द्वले नै आम नेपालीको जीवनमा असज भएको थियो । *ड्वाङ...ड्वाङ...ड्वाङ...*। बन्दुकहरू फेरि गर्जन थालेका थिए । बन्दुकको पछिल्लो आवाज धेरै नजिकबाट आएको प्रतीत हुन्थ्यो । गाउँमा मान्छेहरूका मृदुल आठहरूले जीवनका मङ्गलगीतहरू होइन, बन्दुकले बिध्वंस र विनाशका अशुभ गीतहरू गाइरहेको थियो (शाह, २०७४ पृ.१६) ।

म पात्र सानोबाबु गाउँमा जाँदा पनि युद्ध रोकिएको थिएन । ऊ गाउँमा गोप्य तरिकाले पुगेको थियो । त्यसै दिन राति उनको घर नजिक गोली चलेको आवाज आयो । उनी आफ्नो कोठामा बसिरहे । उनी गाउँमा आएको कुरा अरूले थाहा नपाउन भन्नका लागि आमाको सल्लाहअनुसार बिहानै उनी घर छाडेर शहरतिर गए । पहिलेको गाउँमा चार्डपर्व जात्रा मनाउने हाँसो खुशीको गाउँ गोली र बारुदका आवजमा सुनिने उराठ गाउँमा परिणत भयो । यो सबै राजनीतिक असन्तुष्टिले जनमाएको राजनैतिक समस्यको कारण थियो ।

**सांस्कृतिक र धार्मिक सन्दर्भता**

महेशविक्रम शाहले आफ्नो जन्मभूमि सुदूरपश्चिमको तराईको कुनै गाउँको ठाउँलाई कथाको आधारभूमि बनाएको छ । त्यस गाउँमा थारू जातिका मानिसहरूको बसोबास बढी छ । सबैको मुख्य पेसा खेती गर्नु हो ।

आफसमा मिलेर मेलापर्व गरेर खेतीका गर्ने गाउँको परिवेश प्रस्तुत गरिएको छ । म पात्रका हरेराम, बुधराम, रशम, चुनु, फुलवाजस्ता गाउँका बाल्यकालका साथी हुन् । बाल्यकालमा गाईवस्तुहरू चराएको, मौरी धपाएको, मकै भुटेर खाएको आदि म पात्रको सम्भनामा आउँछ । आफू घरघरका कुवामा पानी खादैं गएको ग्रामीण परिवेशका रूपमा आएको छ । दशैंको बेला घरघरमा मादल बजेका, अरू चाडपर्वका बेला रामलीला राতरातभर हेरेको र शीतको पनि वास्ता नगरेर जतासुकै गीत गाएको मानवस्वर सुनेर आनन्दित भएका प्रसङ्गहरू सांस्कृतिक पक्षको भफल्को दिएका छन् । गाउँले जीवन जहाँ गीतहरू जीवनका प्रतीक हुन्थे । गाउँ रमाइलो वातावरण थियो ।

> *सुरजराम र फुलवाको घर नाघेपछि माधुराम, लछुमन, चमेली र फेरुवाका घरहरू दृष्टिगोचर भए मेरा आँखाअगाडि । ती धरका कुनाकाप्चाहरूमा चोरपुलिस बन्दै कुदेका थियौँ हामीहरू । ती घरहरू पनि जीर्ण अवस्थामा थिए, दसैँको बेलामा पनि लितपोत नगरेजस्ता । सुरजरामभैं विद्रोही बनेर जङ्गल पसे वा जङ्गल पस्नपर्ने त्रासल् देशै छाडेर कालापाहाड भासिए ? तिनीहरूको अनुपस्थितिले मलाई विक्षिप्त तुल्याएको थियो* (शाह, २०७४ पृ.१२) ।

साना खरले छाएका एकतले लहरमा उभिएका घरहरू र घरका मानिस बीच भाइचारा र भातृत्व थियो । साना साना केटाकेटी उमेरमा सुरजराम, फुलवा, माधुराम, लछुमन, चमेली र फेरुवाका घरतिर चारपुलिस खेले, कुदेको लेखक सम्भन्छन् । दशैंको वेलामा घरहरू लितपोत गरेर सफा बनाएको हुन्थ्यो । अहिले गाउँका युवायुवती नभएपछि घरहरू खण्डहर बनेको छ । लेखको बालसखा सुरजरामको अनुपस्थितिले उनको घरको अवस्थाले समग्र गाउँका घरका अवस्था बुभाउथ्यो । बाह्रै मास आफ्नो दिनचर्यासँग घनीभूत गीतहरू गुन्जन्थे गाउँलेका ओठहरूमा । साउने भरीमा छुपुछुपु गर्दै धानका बेर्ना रोप्ने रोपार हुन् वा मकैबारीमा सुगाको बथान धपाउँदै गरिरहेका गाउँका युवतीहरू हुन्, तिनका ओठहरूमा सधैं सुकोमल भावनाका गीतहरू फुर्थे । खेतमा हलो जोत्दा होस् वा करेसाबारीका डल्ला फोर्दा होस्, गीतको लयमा तिनका हातका औंलाहरूले बयेँली खेल्थे । गाउँघर, बाटो घाटो, मेलापात, खेतका आली-गरा, नदीनाला र रनवन जताततै गीतहरू थिए ।

**वैचारिक सन्दर्भता**

शहरीया जीवनका तुलनामा गाउँले जीवनमा आनन्द छ । गाउँ स्वच्छ, हावा, पानी र खाना हुन्छन् । त्यसैले गाउँको जीवन प्राकृतिक, स्वास्थ्यकर हुन्छ । गाउँका मानिसहरू मिलेर बस्ने, सँगै घास, दाउरा, मेलापात गर्ने प्रचलन हुन्छ । अभ गाउँमा मनाइने चार्डपर्व, जात्रा भन विशेष हुन्छ । लेखकले आफ्नो गाउँ सधैं गीतहरू गुन्जिरहने प्राकृतिक सौन्दर्ययुक्त गाउँको चर्चा गरेका छन् । गाउँ सामाजिक, सांस्कृतिक परिवेशले गाउँको जीवन प्राकृतिक र रमाइलो हुने विचार अभिव्यक्त छ ।

देशमा वि.सं. २०४७ सालमा प्रजातान्त्रको पुनः स्थापना भएपछि भन नेपाली समाज विभिन्न जात, वर्ग, समुदाय विभाजित भयो । उनीहरूका माग फरक फरक लिएर विद्रोह गर्ने थाले, सानो रूपमा सुरु भएको विद्रोह ठूलो रूप लियो । वि.सं. २०५२ सालदेखि त औपचारिक रूपमा सशत्र द्वन्द्व सुरु भयो । द्वन्द्वले नेपालै भरि प्रभाव पाऱ्यो । त्यसै द्वन्द्वका कारण प्रभाव परेको लेखको गाउँको कथा बनाएर यो कथा लेखिएको हो । नेपालमा शासन सत्तामा बस्नेहरूले विद्रोहीको माग सानो ठानी विद्रोहलाई सरकार पक्षले दबाउन तर्फ लाग्यो । भन विद्रोहले ठूलो रूप लियो । नेपालमा लगभग वि.सं. २०६२ सालसम्म शान्ति समभौता नभएसम्म द्वन्द्व कायमै रह्यो । जनताका जनभावना बभेर मात्रा शासन गर्नुपर्ने विचार कथामा अभिव्यक्त भएको छ ।

> *समयको चक्रमा ऋतुहरू फेरिनेछन् । शीतलहरको चटारोले निखेका बन्जर रूखहरूमा पालुवाहरू टुसाउनेछन् । रूखका हाँगाहाँगामा चराहरू चिरबिर गर्नेछन् । वनफूलको महकले रङ्मडिनेछ गाउँको बातावरण । गाउँमा वसन्त फर्कनेछ । गाउँलेका ओठहरूले जीवनका वासन्ती गीतहरू गुनगुनाउन थाल्नेछन् । र त्यस बेला निडर, निश्चिन्त र निस्फिक्री भएर म पनि सुसेली हाल्दै गाउँको धुलाम्मे डगरमा धूलो उडाउँदै आफ्नो गाउँ गइरहेको हुनेछु* (शाह, २०७४ पृ.१७) ।

समयको पविर्तनसँगै वसन्त ऋतुको अगमनभै रूखमा पालुवा पलाउँछ । बिहानी सुरुवातसँगै चराको चिरबिर र माउरीको भुनभुनले वातावरण रमणीय हुन्छ । समय सधै एकनास हुँदैन । देशमा पनि परिवर्तन आउँछ । आम मानिसका माग पूरा भएर सुन्दर देश बन्ने छ । गाउँ-घर पनि पहिलाको जस्तै शान्ति सुरक्षा भएर निडर, निश्चिन्त र निस्फिक्री भएर घुम्न सकिनेछ । गाउँका सामाजिक, सांस्कृतिक परम्परा पुनः मनाइनेछ । गाउँमा पहिलाकै भैं गीतहरू गुन्जिने छन् । लेखक आफ्नो गाउँमा सहजरूपमा ओहोरोदोहोरो गर्ने वातावरण हुनेछ भन्ने विचार कथामा प्रस्तुत भएको छ ।

**निष्कर्ष**

कथाकार महेशक्रिम शाहद्वारा लिखित गाउँमा गीतहरू गुन्जिँदैनन कथामा द्वन्द्वकालीन घटना र परिवेश समेटिए लेखिएको कथा हो । देशमा २०४७ सालको राजनीतिक परिवर्तनसँगै देशमा विभिन्न जात, वर्ग, समुहमा नेपाली समाज विभाजित भयो । शासक वर्ग निरांकुश र तानाशाही बन्दै गयो । जनताहरू बेरोजगार र अभावको भूमरिमा परेका बेलामा भष्टचार चरम बढ्यो । देशमा विद्रोहका स्वरहरू उठन थाल्यो । त्यसको कुनै सुनाइ भएन । वि.सं. २०५२ सालपछि कुनै एक पक्षले औपचारिक युद्धको घोषणा गरी जङ्गल पसेर द्वन्द्व सुरु भयो । द्वन्द्वले गृहयुद्धको रूप लियो । युद्ध सहरमा मात्र कन्द्रित नभएर गाउँ-गाउँसम्म युद्ध भयो । लेखकले आफ्नो जन्म घर सुदूर पश्चिमको तराईको गाउँ भएको थियो उक्त गाउँ घटेको घटनामा केन्द्रित भएर प्रस्तुत कथा लेखिएको हो ।

सङ्कथनको विश्लेषण सिद्धान्त अनुसार सन्दर्भका आधारमा गरिएको छ। कथाका भित्र र बाहिर दुवै सन्दर्भ अर्थ खोजी गरिएको छ। पाठको बाहृय सन्दर्भगत अर्थ अनुसार भौतिक सन्दर्भ र संज्ञानात्मक सन्दर्भहरूलाई मुख्य आधार बनाइ विश्लेषण गरिएको छ । भौतिक सन्दर्भअन्तर्गतः स्थलगत सन्दर्भ, काल या समयगत सन्दर्भ, सहभागी सन्दर्भहरू छन् । संज्ञानात्मक सन्दर्भअन्तर्गतः सामाजिक सन्दर्भ, आर्थिक सन्दर्भ, राजनीतिक सन्दर्भ, धार्मिक र सांस्कृतिक सन्दर्भ, वैचारिक सन्दर्भहरू छन् । कथाको स्थलगत सन्दर्भमा नेपालको सुदूर पश्चिमको कुनै तराईको एउटा गाउँमा केन्द्रित छ । काल या समयगत सन्दर्भमा नेपालमा चलेको दशवर्षीय द्वन्द्वको समयमा घटेका घटनाहरू कथाका विषयहरू हुन् । कथालाई गति दिन प्रमुख पात्र म अर्थात् सानोबाबु पात्र अन्य पात्रमा हरेराम, बुधराम, रशम, चुनु, फुलवाजस्ता गाउँका बाल्यकालका साथीहरू सहायक पात्रका रूपमा कथा प्रस्तुत भएका छन् । संज्ञानात्मक सन्दर्भ अन्तर्गत गाउँमा गरिने मेलापात सरसहयोग, कृषिकार्य जस्ता सामाजिक सन्दर्भहरू आएका छन् । वैचारिक सन्दर्भमा आमनेपालीका विचार भावना बुझेर देशमा पुनः शान्ति ल्याउनुपर्छ भन्ने विचार प्रस्तुत भएको छ।

**सन्दर्भ सामग्रीसूची**

गौतम, देवीप्रसाद (२०७६) *रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड,* काठमाडौँ : रत्न पुस्तक भण्डार ।

पौडेल, माधवप्रसाद र पोखेल गोकुल (२०७१) *सङ्कथन विश्लेषण : सिद्धान्त र प्रयोग* काठमाडौँ : विद्यार्थी प्रकाशन ।

भट्टराई, भरतकुमार (२०७१), *वाङ्मय* २०७१ वर्ष १५ पूर्णाङ्क १५ सम्पा. देवीप्रसाद गौतमः नेपाली केन्द्रीय विभाग मानविकी तथा सामाजिकशास्त्र सङ्काय, त्रिभुवन विश्वविद्यालय ।

शर्मा, मोहनराज (२०६३), *समकालीन समालोचना : सिद्धान्त र प्रयोग,* दोस्रो संस्करण काठमाडौँ : अक्सफोर्ड इन्टरनेशनल पब्लिकेशन ।

शाह, महेशविक्रम (२०७४) *छापामारको छोरो* सातौँ प्रकाशन ललितपुर : साझा प्रकाशन ।